


वर्ष ४२ | अंक १ | नेपाल राष्ट्र बैंक समाचार | असोज २०७४ | सेप्टेम्बर-अक्टोबर २०१७

# गभर्नर डा. नेपालद्वारा विभिन्न बैंकका शाखा कार्यालयको उद्घाटन तथा स्मारिका विमोचन

गभर्नर डा. चिरंजीबि नेपालले भदौ १८ गते सिटिजन्स बैंक लिमिटेडको छहरे शाखा, पाल्पाको उद्घाटन गर्नुभयो ।



सिटिजन्स बैंक लि. को उक्त ६० औं शाखा उद्घाटन गर्ने क्रममा गभर्नर डा. नेपालले गाउँगाउँमा बैंकका शाखा विस्तारले वित्तीय स्रोत नभएकालाई स्वरोजगारको अवसर सिर्जना भएको बताउनु हुदैं बैंकले अवसर देखेर यो क्षेत्रमा आएकाले सो अवसरलाई जनताले सदुपयोग गरी अनौपचारिक महंगो ब्याजदरमा ऋण लिने/दिने अवस्थाको अन्त्य गर्नुपर्ने बताउनु भयो ।

गाउँगाउँमा बैंकको विस्तारले जनतामा बैंकिङ बानीको विकास हुँदै जाने, खाता खोली बचत गर्ने एवम् ऋण लिई व्यवसाय विस्तार गरी आर्थिक उन्नतिको बाटो खुल्ने गभर्नर डा. नेपालले बताउनु भयो ।

नेपालमा बैंकिङ सेवाको पहुँच कम रहेको अवस्थामा बैंकका शाखा विस्तारले देशमै उद्योगधन्दाको लागि आवश्यक पुँजी उपलब्ध भई रोजगारीका अवसर सिर्जना समेत गरी युवाशक्तिलाई विदेश पलायन हुनबाट जोगाउने बताउनु भयो । कृषिप्रधान देशमा कृषि उपजका लागि विदेशमा भर पर्नुपरेको उल्लेख गर्दै गभर्नर डा. नेपालले विदेशमा सीप, शिक्षा लिई स्वदेशमा काम गरी रोजगारी सिर्जना गर्नको लागि स्थानीय स्थानमा खुलेको बैंकको सदुपयोग गर्नुपर्ने बताउनु भयो । उक्त कार्यक्रममा गभर्नर डा. चिरंजीबि नेपालले सिटिजन्स बैंकबाट स्थानीय दुईवटा विद्यालयलाई प्रदान गरिएको २ वटा कम्प्युटर हस्तान्तरण गर्नुभयो ।

गभर्नर डा. नेपालले सोही दिन कृषि विकास बैंकको बतासे शाखा, पाल्पाको उद्घाटन गरी खाता खोलेका ग्राहकहरुलाई चेक बुक हस्तान्तरण गर्नुभयो ।




गभर्नर डा. चिरंजीबि नेपालले सोही दिन कालिका माध्यमिक विद्यालय, पाल्पाको ५० औं वार्षिकोत्सवको अवसरमा प्रकाशित स्मारिकाको विमोचन गर्नुभयो । उक्त कार्यक्रममा उहाँले रोजगारी सिर्जना गर्न शिक्षा जरुरी रहेको र व्यावसायिक शिक्षाले सोमा सघाउ पुग्ने बताउनु भयो । अभिभावकहरुले विद्यालयको गतिविधिमा चनाखो भई जिम्मेवारी अनुरुपको भूमिका निर्वाह गर्नुपर्ने पनि उहाँले उल्लेख गर्नुभयो । विद्यालयको सफलता र यसबाट उत्पादित विद्यार्थीहरु राज्यका महत्वपूर्ण स्थानमा रही योगदान दिन सक्ने बनुन् भनी गभर्नर डा. नेपालले शुभकामना दिनुभयो ।

# NRB REPORTING र AML/CFT सम्बन्धी अन्तरक्रिया कार्यक्रम



NRB Reporting र AML/CFT सम्बन्धी छलफल गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण बिभागद्वारा फाइनान्स कम्पनीहरुका NRB Reporting र AML/CFT हेर्ने अधिकृतहरुलाई सहभागी गराई भदौ १६ गते काठमाण्डौंमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

सो कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै डेपुटी गभर्नर शिवराज श्रेष्ठले फाइनान्स कम्पनीहरुबाट समयमै सही Data उपलब्ध गराएमा र AML/CFT सम्बन्धमा अलि चनाखो भई ग्राहकहरुमा ध्यान पुऱ्याई वर्गीकरण गरी Reporting गरेमा देशमा कालो धन भित्रिन नपाउने, आतङ्ककारी गतिविधि हुन नपाउने र नेपाल कालो सूचीमा रहनबाट समेत बच्न सक्ने भई देशको आर्थिक गतिविधिमा सकारात्मक प्रभाव परी आर्थिक विकासमा समेत टेवा पुग्ने विचार व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रमको सुरुमा कायम मुकायम कार्यकारी निर्देशक वासुदेव अधिकारीले कार्यक्रम आयोजनाको उद्देश्यका सम्बन्धमा प्रकाश पार्नुभएको थियो । उहाँले बैंक तथा वित्तीय संस्थाहरुलाई दिइने इजाजतपत्रमा NRB Reporting र AML/CFT सम्बन्धी शर्तहरु पनि समावेस रहेको उल्लेख गर्दै अन्तरक्रियाले राष्ट्र बैंकमा Reporting गर्नुपर्ने विषय र एकीकृत निर्देशनको पालना गर्न सजिलो हुनका साथै नियमित, सही र स्पष्ट Reporting लाई समेत सहयोग पुग्न जाने विचार व्यक्त गर्नुभएको थियो । Reporting का क्रममा फाइनान्स कम्पनीहरुलाई अप्ठेरो परेको विषयमा छलफल गरी र समस्याको समाधान गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताउँदै उहाँले विभिन्न कारण र शर्तहरुले गर्दा फाइनान्स कम्पनीहरुको संख्या घट्दै गए तापनि नेपालमा फाइनान्स कम्पनीहरुको भूमिका महत्त्वपूर्ण रहिरहने धारणा राख्नुभएको थियो ।

सोही कार्यक्रममा निर्देशक दयाराम शर्मा पंगेनीले AML/CFT र कायम मुकायम निर्देशक इश्वरीप्रसाद नेउपानेले NRB Reporting सम्बन्धमा प्रशिक्षण दिनुभएको थियो भने स्वागत मन्तव्य उपनिर्देशक सुनिता श्रेष्ठले र धन्यवाद ज्ञापन उपनिर्देशक कर्णगोपाल श्रेष्ठले गर्नुभएको थियो ।

# राजनविक्रम थापाका दुई कृति सार्वजनिक

भाद्र ३१ गते नेपाल प्रज्ञा प्रतिष्ठानमा नेपाल राष्ट्र बैंकका उपनिर्देशक राजनविक्रम थापाद्वारा रचित “माफ गर समय” कवितासङ्ग्रह र “राजन थापाका गीत र गजलहरु” नामक दुई कृति सार्वजनिक गरिए ।

दायित्व वाङ्मय प्रतिष्ठानको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेती प्रमुख अतिथि र राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी विशेष अतिथि रहनु भएको थियो । कृति विमोचन गर्दै कुलपति उप्रेतीले नेपाल राष्ट्र बैंक जस्तो अर्थ जगत्सँग सम्बन्धित संस्थाको अधिकृतले साहित्य लेखनलाई पनि सँगसँगै अगाडि बढाएर एकै पटक दुईवटा कृति सार्वजनिक गर्नु महत्त्वपूर्ण कार्य भएको बताउनु भएको थियो ।

विमोचित कृतिहरुमाथि डा. लेखप्रसाद निरौला र उपप्राध्यापक ज्ञाननिष्ठ ज्ञवालीले समीक्षात्मक मन्तव्य दिनुभएको थियो भने कृतिकार राजनविक्रम थापाले साहित्य लेखनबारे आफ्नो धारणा व्यक्त गर्नुभएको थियो । सो अवसरमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी, डा. तुलसी भट्टराई, प्रा. रामप्रसाद दाहाल, कवि यादव भट्टराई र डा. भागवत ढकालले शुभकामना मन्तव्य दिनुभएको थियो ।

नेपाल राष्ट्र बैंक समाचार कृतिकार राजनविक्रम थापाको लेखनको उत्तरोत्तर प्रगतिको कामना गर्दछ ।



# आर्थिक गतिविधि तथा विशेष अध्ययन सम्बन्धी प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम

नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग, आर्थिक विकास शाखाले उपत्यका बाहिरका कार्यालयहरुका अनुसन्धान एकाइमा कार्यरत अधिकृतस्तरीय कर्मचारीहरुको सहभागितामा भदौ ४ र ५ गते बैंकर्स प्रशिक्षण केन्द्र थापाथलीमा "आर्थिक गतिविधि तथा विशेष अध्ययन सम्बन्धी प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम" आयोजना गऱ्यो ।



उक्त कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले प्रमुख आतिथ्यता ग्रहण गर्नुका साथै "आर्थिक गतिविधि अध्ययन तथा विशेष अध्ययनको प्रकृया, स्वरुप एवम् महत्व" विषयमा वार्ता समेत प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा वार्ता प्रस्तुत गर्दै कार्यकारी निर्देशक थापाले आर्थिक गतिविधिसँग सम्बन्धित सूचना एवम् तथ्याङ्क संकलनको लागि नेपाल राष्ट्र बैंकले वि. सं. २०२५ सालमा बैंकका उपत्यका बाहिर रहेका शाखा तथा उपशाखा कार्यालयहरुमा स्थापना गरेको सम्वाददाता फाँट मार्फत आर्थिक गतिविधिहरुको जानकारी संकलन गर्न शुरु गरेको तथा वि. सं. २०३२ मा सम्वाददाता फाँटहरुलाई क्षेत्रीय अनुसन्धान केन्द्रमा परिणत गरिएको बताउनु भयो । उहाँले क्षेत्रीय अनुसन्धान केन्द्रको कार्यलाई व्यवस्थित गर्न सर्वप्रथम वि. सं. २०३२ मा निर्देशिका कार्यान्वयनमा ल्याइएको तथा उक्त निर्देशिकामा समयानुकूल परिमार्जन गरी हालको अवस्थामा आइपुगेको बताउन भयो ।

अर्थतन्त्रमा नयाँ नयाँ परिवर्तनहरु आइरहेको परिवेशमा आर्थिक गतिविधि अध्ययन, विशेष अध्ययन एवम् आकस्मिक अध्ययनलाई थप व्यवस्थित तथा विश्वसनीय बनाउन बैंकको अनुसन्धान विभाग र उपत्यका बाहिरका कार्यालयहरुका अनुसन्धान एकाइहरुमा कार्यरत सबै जिम्मेवार कर्मचारीहरु निरन्तर क्रियाशील रहनुपर्ने उहाँले बताउनु भयो । यसै सिलसिलामा उहाँले संघीयता कार्यान्वयनका क्रममा हालै सम्पन्न स्थानीय तहको निर्वाचन पश्चात् गठन भएका सबै स्थानीय तहमार्फत नेपाल सरकारले प्रदान गर्ने कृषि, पशु सेवा, शिक्षा, स्वास्थ्य लगायतका सेवाहरु उपलब्ध गराउने व्यवस्था भएको हुँदा आगामी दिनमा आर्थिक गतिविधि अध्ययनलाई कसरी अगाडि बढाउने भन्ने बारेमा अनुसन्धान विभागलाई सुझाव उपलब्ध गराउन समेत निर्देशन दिनुभयो ।

उक्त कार्यक्रममा अनुसन्धान विभागका निर्देशक प्रदीपराज पौड्यालले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको उद्देश्य तथा महत्त्व माथि प्रकाश पार्नुभएको थियो । साथै उहाँले "उपत्यका बाहिरका कार्यालयहरुबाट गरिएका विशेष अध्ययनहरुको अवस्था र सुधारका संभावना" विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो । सहायक निर्देशक मनोजकुमार के. सी. ले "स्थलगत अध्ययन तथा प्रतिवेदन लेखन" विषयमा वार्ता प्रस्तुत गर्दै आर्थिक गतिविधि अध्ययनका क्रममा तथ्याङ्क संकलनदेखि प्रतिवेदन लेखनसम्मका कार्यहरुलाई व्यवस्थित बनाउन अपनाउनु पर्ने उपायहरु सुझाउनु भएको थियो । साथै, उहाँले उक्त कार्यमा अनुभव गरिएका विभिन्न समस्याहरुको पहिचान एवम् समाधानका संभावनाहरु समेत प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी, सहायक निर्देशक सिद्धराज भट्टले "अनुसन्धान विधि" सम्बन्धी वार्ता प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा उपत्यका बाहिरका कार्यालयहरुबाट २/२ जनाका दरले तथा अनुसन्धान विभागबाट पाँच जना अधिकृतस्तरीय कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा उपत्यका बाहिरका कार्यालयका सहभागीहरुलाई आर्थिक गतिविधि अध्ययन, विशेष अध्ययन तथा आकस्मिक अध्ययनका क्रममा आ-आफ्ना अनुभवहरु एवम् आवश्यक सुझावहरु प्रस्तुत गर्न समय दिइएको थियो । सबै सहभागीहरुका तर्फबाट सिद्धार्थनगर कार्यालयका उपनिर्देशक सुवास आचार्यले कार्यक्रम अत्यन्त उपयोगी भएको प्रतिक्रिया दिनुभएको थियो ।



# समसामयिक विषयमा अन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न

भदौ २३ गते पोखरामा वित्तीय प्रणालीलाई चुस्त, दुरुस्त र सेवामुखी बनाउनका लागि सरोकारवालाहरुले खेल्नु पर्ने भूमिकाका बारेमा केन्द्रित रहेर नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयका निर्देशक पोमनाथ गौतम र त्यस क्षेत्रमा कार्यरत बैंक तथा वित्तीय संस्थाका प्रमुखहरु बीच अन्तरक्रियात्मक छलफल तथा परिचयात्मक कार्यक्रम सम्पन्न भयो ।



उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै निर्देशक गौतमले देशको अर्थतन्त्रको विकासलाई केन्द्र भागमा राखेर केन्द्रीय बैंकले विभिन्न नीति तथा कार्यक्रमहरु ल्याउनुका साथै देशको अर्थतन्त्रलाई स्थिरता प्रदान गरी विकासको बाटोमा अघि बढाउन बैंक तथा वित्तीय संस्थाहरुले खेलेको भूमिकाका लागि धन्यबाद ज्ञापन गर्नु भएको थियो । २०७४ साल असार मसान्तको तथ्याङ्क अनुसार कास्की जिल्लामा २८ वटा वाणिज्य बैंकका ८२ वटा शाखा, १३ वटा विकास बैंकका ८४ वटा शाखा, ५ वटा वित्त कम्पनिका ११ वटा शाखा र १९ वटा माइक्रोफाइनान्सको ३५ वटा शाखा संचालनमा रहेका छन् ।

देश संघीय प्रणालीमा गइसकेको अवस्थामा नेपाल सरकारको निर्णय अनुसार बैंक तथा वित्तीय संस्थाका शाखाहरुलाई सम्पूर्ण स्थानीय निकायमा पुऱ्याउने योजना अनुरुप नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरुलाई निर्देशन दिइसकेको अवस्थामा पोखरा क्षेत्रमा क्रियाशील बैंकहरुको उक्त योजना तथा कार्य प्रगतिका बारेमा निर्देशक गौतमले जानकारी लिनुभएको थियो भने बैंकका प्रमुखहरुले भौतिक पूर्वाधार, बैंकिङ सेवाको मागको कमी र आवश्यक सुरक्षा प्रबन्धको कमीका कारण नयाँ स्थानमा शाखा विस्तार गर्न बैंकलाई समस्या भइरहेको जानकारी गराएका थिए । बैंकहरुले शाखा विस्तारलाई आफ्नो वार्षिक कार्ययोजनामा राखिसकेको हुनाले नेपाल राष्ट्र बैंकले अन्य सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गरी सहयोगी भूमिका खेल्न पनि उनीहरुले अनुरोध गरेका थिए ।

कार्यक्रममा निर्देशक गौतमले व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा र अन्य उत्पादनशील क्षेत्रमा बैंकिङ कर्जाको प्रभाव बारेमा जानकारी लिनुका साथै बैंकहरुले यस क्षेत्रमा कर्जा प्रवाह गर्न के-कस्तो प्रयास गरिरहेका छन् भन्ने बारेमा पनि जानकारी लिनुभएको थियो । उहाँले पोखरामा चेक बाउन्सको गुनासाहरु वृद्धि भइरहेका हुनाले यस्ता घटनाहरुलाई निरुत्साहित गर्न र यसका दोषीहरुलाई कारवाहीका लागि आवश्यक पहल गरी सम्बन्धित निकायसँग समन्वय गर्न सल्लाह पनि दिनुभएको थियो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्थाहरुका प्रमुखहरुले ऋणीहरुलाई ऋण प्रदान गर्दा कर कार्यालयमा बुझाएको लेखापरीक्षण प्रतिवेदन अनुरुप मात्र कर्जा प्रदान गर्न नेपाल राष्ट्र बैंकबाट निर्देशन आएपछि द्विविधा भइरहेको हुनाले यो समस्या समाधानमा बैंक आफैले मात्र केही गर्न नसक्ने बताएका थिए । उनीहरुले जाली नोट पहिचान सम्बन्धी निरन्तर प्रशिक्षणको माग गर्नुका साथै केन्द्रीय बैंकबाट जारी हुने परिपत्र/निर्देशन छोटो छोटो समयमा परिवर्तन भइरहँदा निर्देशन पालना गर्नेलाई भन्दा नगर्नेलाई फाइदा भइरहेको बताएका थिए ।

कार्यक्रममा बडादशैं २०७४ का लागि पोखरा कार्यालयले नयाँ नोट वितरण तथा व्यवस्थापन र विदेशी मुद्रा व्यवस्थापनका बारेमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालय आन्तरिक प्रशासन फाँटका उपनिर्देशक तिलबहादुर गुरुङ र मुद्रा व्यवस्थापन फाँटका उपनिर्देशक बसन्तबहादुर थापाले स्पष्ट पार्नुभएको थियो ।

निर्देशक पोमनाथ गौतमको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उपनिर्देशक अमर अधिकारीले स्वागत मन्तव्य राख्नुका साथै बैंकले अवलम्बन गरेको सफा नोट नीति अनुरुप बैंक तथा वित्तीय संस्था र सेवाग्राहीहरुलाई बैंकमा रहेको मौज्दात, बैंकिङ कार्यालयबाट उपलब्ध हुन सक्ने अवस्था एवम् बैंकहरुको शाखा संख्या समेतलाई मध्यनजर गर्दै नयाँ तथा सुकिलो नोट वितरणको उचित प्रबन्ध मिलाइने र नोटको जतनका बारेमा सम्बन्धित सरोकारवालाहरुलाई सुसूचित गराउने दायित्व बैंक तथा वित्तीय संस्थाहरुको समेत भएकोले यसतर्फ उचित ध्यान पुऱ्याउनका लागि आग्रह गर्नुभएको थियो । सहायक निर्देशक खिमबहादुर थापाले कार्यक्रम संचालन गर्नुका साथै सहभागिहरुबाट छलफलका क्रममा उठेका विषयहरुको सारांश प्रस्तुत गर्नुभएको थियो ।



## सिद्धार्थनगर कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम

सिद्धार्थनगर कार्यालयमा आफ्ना कर्मचारीहरुका बीच ज्ञान आदानप्रदान कार्यक्रम भदौ २ गते शुक्रबार सम्पन्न भएको छ । सिद्धार्थनगर कार्यालयको आर्थिक वर्ष २०७४/७५ अन्तरगत प्रथम त्रैमासिकमा सम्पन्न गर्नुपर्ने कार्ययोजना अनुरुप ज्ञान आदानप्रदान कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतीप्रसाद नेपालले "चालू आर्थिक वर्षको मौद्रिक नीतिका विशेषताहरु" विषयक कार्यपत्र प्रस्तुत गर्दै समग्र आर्थिक स्थिति तथा मौद्रिक नीतिको उद्देश्य बारेमा बुँदागत रुपबाट प्रष्ट पार्नुका साथै कर्मचारीहरुका जिज्ञासाहरुको सम्बोधन गर्नुभयो । सिद्धार्थनगर कार्यालयले गर्नुपर्ने सम्पूर्ण कार्यसम्पादनको बारेमा उल्लेख गर्दै समसामयिक विषयमा पनि निर्देशक नेपालले चर्चा गर्नुभयो ।

कार्यक्रममा आर्थिक वर्ष २०७४/७५ को कार्यतालिका अनुरुप सम्पन्न गर्नु पर्ने सिद्धार्थनगर कार्यालय अन्तरगत बैंकिङ विकास तथा अनुसन्धान एकाइले गरेको "रुपन्देही र कपिलवस्तु जिल्लामा माछापालनको सम्भावना र व्यवसायिक स्थिति" विषयक विशेष अध्ययनका मुख्य-मुख्य विषय वस्तुहरुलाई समेटेर बैंकिङ विकास तथा अनुसन्धान एकाइ सिद्धार्थनगरका उपनिर्देशक सुबास आचार्यले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । रुपन्देही र कपिलवस्तु जिल्लामा व्यावसायिक माछापालनको वर्तमान अवस्थाको पहिचान, सम्भावना, समस्या तथा चुनौतीहरुलाई सम्बोधन गरी माछामा आत्मनिर्भर हुनको लागि आवश्यक नीति, नियम तथा कार्यक्रमहरु कार्यान्वयन गर्न सम्बन्धित सरोकारवाला निकायहरुलाई सुझाव दिने उद्देश्य सहित गरिएको उक्त अध्ययनबाट मत्स्य कृषकहरुमा व्यवसायिकताको कमी तथा अध्ययन गरिएका दुई जिल्लाहरुमा पनि उत्पादन तथा उत्पादकत्वमा उल्लेखनीय भिन्नता रहेको निष्कर्ष प्राप्त भएको विषयमा छलफल भएको थियो । त्यसैगरी, नेपाल सरकार लगायत अन्य सरोकारवाला निकायहरुलाई अध्ययनको उद्देश्य अनुरुप सुझाइएको विभिन्न नीतिगत सुझावहरुमा पनि चर्चा गरिएको थियो ।

उक्त ज्ञान आदानप्रदान कार्यक्रममा कार्यालयका उपनिर्देशकद्वय विज्ञानराज सुवेदी र ऋषिराम बराल लगायत सहायक निर्देशकहरु तथा अन्य कर्मचारीहरुको सहभागिता रहेको थियो ।

## ज्ञान आदानप्रदान कार्यक्रम

गभर्नरको कार्यालयले आर्थिक वर्ष २०७४।७५ मा ६ वटा आदानप्रदान कार्यक्रमको आयोजना गर्ने योजना अनुसार भदौ महिनामा पहिलो कार्यक्रमको आयोजना गऱ्यो ।

भदौ २२ गते आयोजित उक्त ज्ञान आदानप्रदान कार्यक्रममा Eastern Illinois University का प्राध्यापक मुक्तिप्रसाद उपाध्यायले Productivity during Structural Change: Evidence from Developing Countries and Research Agenda for Nepal विषयमा प्रस्तुति दिनुभयो ।

सो कार्यक्रमको ज्ञान आदानप्रदानसँग सम्बन्धित सामग्री home.nrb.org.np मा राखिएको छ ।

## धनगढी कार्यालयमा बिदाई कार्यक्रम



नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयबाट वित्त कम्पनी सुपरिवेक्षण विभागमा सरुवा हुनुभएका निर्देशक विश्रुत थापालाई भदौ १२ गते धनगढी कार्यालयमा एक कार्यक्रम आयोजना गरी बिदाई गरियो । उक्त कार्यक्रममा धनगढी कार्यालयका कर्मचारीहरुले उहाँलाई टीका तथा पुष्पगुच्छा प्रदान गरी बिदाई गरेका थिए ।

सो अवसरमा निर्देशक विश्रुत थापाले धनगढी कार्यालयमा रहँदाको आफ्नो अनुभव सुनाउँदै सरुवा कर्मचारीको जीवनमा नियमित प्रक्रिया भएको बताउनु भएको थियो ।

## अवकाश

विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक एकराज कँडेल, बैंकिङ कार्यालयका उपनिर्देशक सुनिल ढकाल, जनकपुर कार्यालयका उपनिर्देशक (क) रामवृक्ष पण्डित, सिद्धार्थनगर कार्यालयका उपनिर्देशक (क) शिबुकुमार विश्वकर्मा र पोखरा कार्यालयका उपनिर्देशक (क) पूर्णबहादुर रानाले बैंक सेवाबाट अवकाश पाउनु भएको छ । पोखरा कार्यालयका उपप्रधान चालक मोहन गिरी र जनशक्ति व्यवस्थापन विभागका कार्यालय सहयोगी प्रथम गोमा आचार्यले पनि बैंक सेवाबाट अवकाश पाउनु भएको छ ।

उहाँहरु मध्ये निर्देशक कँडेलले ५८ वर्षको उमेर हदका कारणले र अन्य सबैले ३० वर्ष सेवा अवधिका कारणले अवकाश पाउनु भएको हो ।

## सरुवा

मिति २०७४/०५/०९ को निर्णयानुसार वित्तीय जानकारी एकाइका निर्देशक ऋषिकेश भट्टको बैंक सुपरिवेक्षण विभागमा, गभर्नरको कार्यालयका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठको अनुसन्धान विभागमा, बैंक सुपरिवेक्षण विभागका निर्देशक बमबहादुर मिश्रको बैंक तथा वित्तीय संस्था नियमन विभागमा, विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक सरिता अधिकारीको बैंकिङ कार्यालयमा, सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतीप्रसाद नेपालको भुक्तानी प्रणाली विभागमा, विराटनगर कार्यालयका निर्देशक रामु पौडेलको वित्तीय जानकारी एकाइमा, धनगढी कार्यालयका निर्देशक विश्रुत थापाको वित्त कम्पनी सुपरिवेक्षण विभागमा, भुक्तानी प्रणाली विभागका निर्देशक चिरञ्जीवी चापागाईंको गभर्नरको कार्यालयमा, वीरगञ्ज कार्यालयका निर्देशक धनञ्जय शर्माको धनगढी कार्यालयमा र वित्त कम्पनी सुपरिवेक्षण विभागका निर्देशक दयाराम शर्माको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा, सरुवा भएको छ ।

त्यसैगरी, जनकपुर कार्यालयका निर्देशक तुलसीप्रसाद घिमिरेको बैंकिङ कार्यालयमा, बैंक सुपरिवेक्षण विभागका निर्देशक अशोककुमार पौडेलको सिद्धार्थनगर कार्यालयमा, बैंकिङ कार्यालयका निर्देशक रविन्द्र महर्जनको वीरगञ्ज कार्यालयमा, बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक बिमलराज खनालको विकास बैंक सुपरिवेक्षण विभागमा, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक विनोदराज आचार्यको विराटनगर कार्यालयमा, बैंकर्स प्रशिक्षण केन्द्रका निर्देशक रामप्रसाद गौतमको जनकपुर कार्यालयमा र मुद्रा व्यवस्थापन विभाग टक्सार महाशाखाका का. मु. निर्देशक उद्धवलाल रञ्जितकारको बैंकर्स प्रशिक्षण केन्द्रमा सरुवा भएको छ ।

उपनिर्देशक कृष्णमुरारी घिमिरेको सामान्य सेवा विभागमा तथा उपनिर्देशक केशव थापाको गभर्नरको कार्यालय (कामकाज जनशक्ति व्यवस्थापन विभाग) मा निर्देशक पदमा का. मु. मुकरर हुने गरी सरुवा भएको छ ।

## जनकपुरमा बिदाई कार्यक्रम

नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयले बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएका उपनिर्देशक (क.) रामवृक्ष पण्डितको सम्मानमा भदौ ५ गते बिदाई कार्यक्रमको आयोजना गर्‍यो ।



उक्त कार्यक्रममा कार्यालयका निर्देशक तुलसीप्रसाद घिमिरेले अवकाश हुनुभएका उपनिर्देशक पण्डितलाई बिदाई स्वरुप फूलमाला तथा टीका लगाई कार्यालयको तर्फबाट सम्मानपत्र प्रदान गर्नुभयो । कार्यालयका अन्य अधिकृत/कर्मचारीहरुले पनि बिदाई स्वरुप उहाँलाई पुष्पगुच्छा प्रदान गर्नुभयो ।

कार्यक्रममा निर्देशक घिमिरेले बैंक सेवाबाट अवकाश प्राप्त गर्नुभएका उपनिर्देशक पण्डित सहयोगी, सरल, कार्य तत्परका साथै कठिन परिस्थितिमा पनि कार्य गर्न सक्ने व्यक्तित्व भएको चर्चा गर्दै नेपाल राष्ट्र बैंकको सूचना प्रविधि सम्बन्धी समस्या समाधानमा उहाँले सक्रिय एवम् महत्त्वपूर्ण भूमिका खेलेको स्मरण गर्नुभयो । कर्मचारीहरु संस्थाको नियमानुसार हुने अवकाशको लागि मानसिक रुपमा तयार रहनुपर्ने धारणा राख्दै उहाँले अवकाशप्राप्त उपनिर्देशक पण्डितको अवकाश पछिको जीवन सक्रिय एवम् सुखमय रहोस् भनी शुभकामना व्यक्त गर्नुभयो ।



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै अवकाशप्राप्त उपनिर्देशक पण्डितले नेपाल राष्ट्र बैंक जस्तो गरिमामय संस्थामा कार्य गर्न पाउँदा खुशी लागेको बताउनुभयो । साथै, उहाँले आफ्नो सेवा अवधिमा सबैबाट प्राप्त सहयोगका लागि धन्यवाद ज्ञापन गर्नुभयो ।

उपनिर्देशक माधव दंगालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा अर्का उपनिर्देशक वासुदेव भट्टराईका साथै अन्य अधिकृत तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल राष्ट्र बैंक जनकपुरका अध्यक्ष उदयकुमार मण्डल, नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक जनकपुरका सचिव हरि गौतम र नेपाल राष्ट्र बैंक कर्मचारी संघ, नेपाल राष्ट्र बैंक जनकपुरका उपाध्यक्ष शिवनारायण झाले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रमको सञ्चालन सहायक निर्देशक रामकाजी खाइजूले गर्नुभएको थियो ।

उपनिर्देशक पण्डित ३० वर्ष सेवा अवधिका कारण भदौ ३ गते बैंक सेवाबाट अनिवार्य अवकाश हुनुभएको हो ।

# नेपालगञ्जमा उद्योगी व्यवसायी तथा बैंकरबीच छलफल

नेपाल राष्ट्र बैंक, नेपालगञ्जको समन्वय र नेपालगञ्ज उद्योग वाणिज्य संघको आयोजनामा भदौ ६ गते Interest Rate Management and Contemporary Issues in Financial Sector विषयक छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

नेपालगञ्ज क्षेत्रका व्यापारी, उद्योगपति, बैंक तथा वित्तीय संस्थाका शाखा प्रबन्धक एवम् पत्रकारहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक नेपालगञ्ज कार्यालयका निर्देशक गुरुप्रसाद पौडेलले बैंक तथा वित्तीय क्षेत्रका समसामयिक विषयहरु तथा ब्याजदर निर्धारणका आधार, वर्तमान अवस्था र ब्याज निर्धारणले समग्र अर्थतन्त्रमा पार्ने प्रभावको बारेमा राष्ट्र बैंकको भूमिका सहितको कार्यपत्र प्रस्तुत गर्नुभयो । साथै, सहभागीहरुका जिज्ञासाहरुलाई पनि उहाँले सम्बोधन गर्नुभयो ।




छलफलमा उद्योगी तथा व्यवसायीहरुले Interest Rate बढेकाले आफूहरुलाई मर्का परेको विचार व्यक्त गर्नुका साथै हालै भारतमा लागु गरिएको GST बाट नेपालमा पर्ने प्रभावका सम्बन्धमा नेपाल सरकार तथा राष्ट्र बैंकले शीघ्र अध्ययन गर्न आवश्यक रहेको धारणा समेत व्यक्त गरेका थिए ।

नेपालगञ्ज उद्योग वाणिज्य संघका वर्तमान अध्यक्ष नन्दलाल वैश्य, पूर्व अध्यक्षद्वय कृष्णप्रसाद श्रेष्ठ र अच्युतराज प्रसाई लगायतका वक्ताहरुले नेपाल राष्ट्र बैंकको समन्वयको सराहना गर्दै आगामी दिनमा पनि उद्योगी व्यापारी तथा बैंकहरुबीच यस्तै खालका अन्तरक्रियात्मक कार्यक्रम गरी दुबै पक्षबीचको सम्बन्धलाई प्रभावकारी बनाउन राष्ट्र बैंकले थप भूमिका खेल्नु पर्ने सुझाव दिएका थिए ।

**नेपाल राष्ट्र बैंक समाचार www.nrb.org.np मा पनि पढ्न सकिन्छ ।**

# गभर्नर डा. चिरंजीबि नेपाल अमेरिका प्रस्थान

गभर्नर डा. चिरंजीबि नेपाल अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) तथा विश्व बैंक (WB) को संयुक्त आयोजनामा संयुक्त राज्य अमेरिकाको वासिङ्गटन डिसीमा असोज २६ देखि २९ सम्म आयोजना हुने Southeast Asia Voting Group र 2017 Annual Meetings of the World Bank Group and the International Monetary Fund मा सहभागी हुन असोज २० गते शुक्रबार साँझ त्यसतर्फ प्रस्थान गर्नुभयो ।

आ-आफ्ना संस्थाहरुका नीति तथा कार्यक्रमका बारेमा छलफल गर्न IMF Board of Governors तथा World Bank Board of Governors को बर्षमा एकै पटक बैठक गर्ने परम्परा अनुसार यो कार्यक्रम आयोजना हुन लागेको हो । वार्षिक बैठकमा करिब १८८ सदस्य राष्ट्रका अर्थ मन्त्रालय, केन्द्रीय बैंक, प्राज्ञिक क्षेत्र तथा निजी क्षेत्रका प्रतिनिधिहरुको सहभागिता रहने गर्दछ । कार्यक्रममा सदस्य राष्ट्रका प्रतिनिधिहरुले विश्व अर्थ व्यवस्था, अन्तर्राष्ट्रिय विकास तथा क्षेत्रीय सहकार्य लगायतका आर्थिक विषयहरुमा छलफल गर्नेछन् ।

गभर्नर डा. नेपाल Annual Meeting का साथै उक्त Meeting को Sideline मा आयोजना हुने ३४ औं SAARCFINANCE Group Meeting मा समेत सहभागी हुनुहुनेछ । दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC) का सदस्य मुलुकहरुका गभर्नर र अर्थ सचिव सदस्य रहने SAARCFINANCE को बैठकमा सदस्य मुलुकहरुको आपसी हितका बारेमा छलफल हुनेछ ।

अमेरिकामा रहँदा उहाँ विभिन्न सामूहिक छलफलका साथै अन्तर्राष्ट्रिय मुद्रा कोषका Deputy Managing Director लगायत कोषका विभिन्न विभागका अधिकारीहरूसँग द्विपक्षीय भेटवार्ताहरुमा समेत सहभागी हुने कार्यक्रम रहेको छ ।

## पदस्थापन

बैंक सुपरिवेक्षण विभागका निर्देशक किरण पण्डितको सोही विभागमा र भुक्तानी प्रणाली विभागका निर्देशक सत्येन्द्र तिमिल्सिनाको मुद्रा व्यवस्थापन विभाग टक्सार महाशाखामा पदस्थापन भएको छ ।

अनुसन्धान विभागका उपनिर्देशक गुणराज भट्टको सोही विभागमा, विराटनगर कार्यालयका उपनिर्देशक विना ढकाल पौडेलको बैंक सुपरिवेक्षण विभागमा, अनुसन्धान विभागका उपनिर्देशक सजना शिल्पकारको बैंकिङ कार्यालयमा, समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाका उपनिर्देशक विवेक कोइरालाको सोही महाशाखामा, बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक सुशील पौडेलको सोही विभाग (कामकाज अनुसन्धान विभाग) मा र अनुसन्धान विभागका उपनिर्देशक नन्दकुमार ढकालको विराटनगर कार्यालयमा पदस्थापन भएको छ ।

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

**(आर्थिक बर्ष २०७४/७५ को पहिलो महिनाको तथ्याङ्कमा आधारित)**

## समष्टिगत आर्थिक तथा वित्तीय परिदृश्य

चालू आर्थिक वर्षको साउन महिनाको अन्त्यतिर भएको अत्याधिक मनसुनी वर्षाले सिर्जना गरेको बाढी पहिरो तथा डुवानले तराईका अधिकांश जिल्लाहरुमा कृषिजन्य वस्तुहरुको उत्पादन तथा कृषि पूर्वाधार लगायतका सम्पत्तिमा क्षति पुगेको छ। तथापि मनसुन समयमै सुरु भएको, पछिल्लो समयमा मनसुनी वर्षा सामान्य रहेको, कृषिजन्य उत्पादनका साधनहरुको उपलब्धता सहज रहेको तथा बाढीको क्षतिबाट उत्पन्न हुने असर न्यूनीकरण गर्न नेपाल सरकारबाट पहल भइरहेकोले कृषि क्षेत्रमा पर्ने असर न्यूनीकरण हुने अपेक्षा गरिएको छ।

ऊर्जा आपूर्तिमा सुधार, आपूर्ति व्यवस्थामा सहजता एवम् प्रत्यक्ष वैदेशिक लगानीमा भएको वृद्धिले अपेक्षा अनुरुप औद्योगिक क्षेत्रको वृद्धिदर हासिल गर्न सहयोग पुग्ने अनुमान छ। स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न भएकाले यसबाट पनि औद्योगिक वातावरणमा सुधार भएको छ। पर्यटक स्तरीय होटलहरुको बेड अकुपेन्सी दरमा गत अवधिको तुलनामा उल्लेख्य सुधार भई करिब ७५ प्रतिशत पुगेको तथा पर्यटकीय सिजन सुरु हुनु अगावै त्यस्ता होटेलहरुको बुकिङ दर ५० प्रतिशत पुगिसकेकाले उक्त क्षेत्रको वृद्धिदर सन्तोषजनक रहने अपेक्षा रहेको छ।

आर्थिक वर्ष २०७४/७५ को बजेटले स्थानीय तहलाई रु. २२५ अर्ब वित्तीय हस्तान्तरण गरेको छ। स्थानीय तहको निर्वाचन सम्पन्न भएको र स्थानीय तहलाई ठूलो रकम वित्तीय हस्तान्तरण गरिएकाले पुँजीगत खर्च वृद्धि हुने, देशव्यापी रुपमा आर्थिक गतिविधिहरु चलायमान बन्ने र फराकिलो आधार सहितको समावेशी आर्थिक वृद्धि हासिल हुने अपेक्षा छ। सरकारी राजस्व लक्ष्यभन्दा कम संकलन भएको छ। व्यापार घाटा बढ्न गएको छ। चालू खाता र शोधनान्तर स्थिति दुवै ऋणात्मक रहेका छन्। यी परिस्थितिहरुले निरन्तरता पाएमा समष्टिगत आर्थिक व्यस्थापन चुनौतीपूर्ण हुने देखिन्छ।

## मुद्रास्फीति

२०७४ असार महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति २.७ प्रतिशत रहेकोमा २०७४ साउन महिनामा केही न्यून भई वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति २.३ प्रतिशत कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ८.६ प्रतिशत रहेको थियो।

खाद्य मुद्रास्फीति १ प्रतिशतले ऋणात्मक रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा खाद्य मुद्रास्फीति ९.३ प्रतिशत रहेको थियो।

गैर-खाद्य मुद्रास्फीति ४.९ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा गैर-खाद्य मुद्रास्फीति ८.१ प्रतिशत रहेको थियो।

क्षेत्रगत आधारमा उपभोक्ता मुद्रास्फीति हिमालमा ५.६ प्रतिशत, तराईमा २.८ प्रतिशत, पहाडमा २.२ प्रतिशत र काठमाडौं उपत्यकामा १.३ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा मूल्य वृद्धिदर हिमालमा ७.१ प्रतिशत, तराईमा ८.५ प्रतिशत, पहाडमा १०.९ प्रतिशत र काठमाडौं उपत्यकामा ७ प्रतिशत रहेको थियो।

२०७४ साउन महिनामा नेपालको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति २.३ प्रतिशत र भारतको ३.४ प्रतिशत रहेकाले यी देश बीचको उपभोक्ता मुद्रास्फीति अन्तर १.१ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाल तथा भारतमा यस्तो मुद्रास्फीति क्रमशः ८.६ प्रतिशत र ५.१ प्रतिशत रहेकोले यी देश बीचको उपभोक्ता मुद्रास्फीति अन्तर ३.५ प्रतिशत रहेको थियो।

वार्षिक विन्दुगत थोक मुद्रास्फीति दर १.२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.९ प्रतिशत रहेको थियो।

थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क ०.६ प्रतिशत, स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ३.८ प्रतिशत र आयातीत वस्तुहरूको मूल्य सूचकाङ्क ०.७ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क ९.६ प्रतिशत र स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ६ प्रतिशतले वृद्धि भएको थियो भने आयातीत वस्तुहरूको मूल्य सूचकाङ्क २.८ प्रतिशतले घटेको थियो।

## राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

वार्षिक बिन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क ६.४ प्रतिशतले वृद्धि भएको छ।

क्रमशः ९ पेजमा

८ पेजको बाँकी

अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क १४.९ प्रतिशतले वृद्धि भएको थियो ।

तलब सूचकाङ्कमा १४.६ प्रतिशत र ज्यालादर सूचकाङ्कमा ४.४ प्रतिशतले वृद्धि भएको छ। तलब अन्तर्गत बैंक तथा वित्तीय संस्था, शिक्षा र सार्वजनिक संस्थान उपसमूहहरूको तलब सूचकाङ्क क्रमशः १०.६ प्रतिशत, ५.८ प्रतिशत र ४.९ प्रतिशतले वृद्धि भएको छ।

ज्यालादर अन्तर्गत कृषि मजदूर, औद्योगिक मजदूर र निर्माण मजदूरको ज्यालादर सूचकाङ्क क्रमशः २.८ प्रतिशत, ८.९ प्रतिशत र २.१ प्रतिशतले वृद्धि भएको छ।

## वैदेशिक व्यापार र निर्यात आयात मूल्य सूचकाङ्क

आर्थिक बर्ष २०७४/७५ को पहिलो महिनामा कुल वस्तु निर्यात ३.९ प्रतिशतले घटेर रु. ६ अर्ब ६८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा ७.७ प्रतिशतले वृद्धि भएको थियो ।

भारततर्फ १०.१ प्रतिशतले निर्यात घटेको छ भने चीनतर्फ ११.३ प्रतिशत र अन्य मुलुकतर्फ ३.२ प्रतिशतले बढेको छ। कुल वस्तु आयात ९.३ प्रतिशतले बढेर रु. ७७ अर्ब २८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १३ प्रतिशतले वृद्धि भएको थियो ।

भारतबाट भएको आयात ९ प्रतिशत, चीनबाट भएको आयात १४.२ प्रतिशत र अन्य मुलुकबाट भएको आयात ७.१ प्रतिशतले बढेको छ ।

भन्सार नाकाका आधारमा त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थल भन्सार, विरगञ्ज भन्सार, सुख्खा वन्दरगाह, र कैलाली भन्सार नाकाबाट भएको निर्यातमा कमी आएको छ ।

आयाततर्फ, वीरगञ्ज भन्सार, सुख्खा वन्दरगाह, विराटनगर भन्सार, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार, नेपालगञ्ज भन्सार, कृष्णनगर भन्सार, कैलाली भन्सार र जलेश्वरबाट भएको आयातमा वृद्धि भएको छ ।

कुल वस्तु व्यापार घाटा १०.७ प्रतिशतले बढी रु. ७० अर्ब ६० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा १३.६ प्रतिशतले बढेको थियो ।

निर्यात-आयात अनुपात ८.६ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ९.८ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०७४/७५ को पहिलो महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) वार्षिक बिन्दुगत आधारमा ०.५ प्रतिशतले वृद्धि भएको तर आयात मूल्य सूचकाङ्कमा ५ प्रतिशतले वृद्धि आएकोले व्यापारको सर्त (Terms of Trade) मा ४.३ प्रतिशतले कमी आएको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो अनुपात २२ प्रतिशतले बढेको थियो ।

## सेवा तथा विप्रेषण आप्रवाह

कुल सेवा आयमा २०.१ प्रतिशत र कुल सेवा खर्च ८.४ प्रतिशतले बढेको कारण खुद सेवा आय घाटा रु. २ अर्ब ३६ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु. ३ अर्ब २१ करोडले घाटामा रहेको थियो।

सेवा खाता अर्न्तगत पर्यटन आय १७.८ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब २६ करोड पुगेको छ। अघिल्लो बर्ष यस्तो आय ४९.४ प्रतिशतले बढेको थियो ।

विप्रेषण आप्रवाह ७ प्रतिशतले वृद्धि भई रु. ५५ अर्ब ५५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाहमा २.५ प्रतिशतले कमी आएको थियो ।

खुद ट्रान्सफर आय ४.९ प्रतिशतले वृद्धि भई रु. ६२ अर्ब ७० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय २.५ प्रतिशतले घटेको थियो ।

अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या ११.८ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ६.९ प्रतिशतले घटेको थियो ।

## चालू खाता एवम् शोधनान्तर स्थिति

अघिल्लो वर्षको पहिलो महिनामा रु. २ अर्ब ३२ करोडले घाटामा रहेको चालू खाता व्यापार घाटा बढेको कारण रु. ५ अर्ब ४३ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको पहिलो महिनामा रु. २ अर्ब ११ करोडले घाटामा रहेको समग्र शोधनान्तर रु. ३ अर्ब २ ९ करोडले घाटामा रहेको छ ।

पुँजीगत ट्रान्सफर रु. ६७ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. ४ अर्ब ६१ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु. ६१ करोड र प्रत्यक्ष वैदेशिक लगानी रु. १ अर्ब २३ करोड रहेको थियो ।

## विदेशी विनिमय सञ्चिति र पर्याप्तता सूचकहरू

कुल विदेशी विनिमय सञ्चिति २०७४ असार मसान्तको रु. १०७९ अर्ब ५२ करोडबाट ०.१ प्रतिशतले कमी आई २०७४ साउन मसान्तमा रु. १०७८ अर्ब ८४ करोड रहेको छ ।

क्रमशः १० पेजमा

९ पेजको बाँकी

कुल विदेशी विनिमय सञ्चिति मध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७४ असार मसान्तको रु. ९२७ अर्ब २७ करोडको तुलनामा २०७४ साउन मसान्तमा ०.९ प्रतिशतले कमी आई रु. ९१९ अर्ब ४ करोड रहेको छ ।

बैंक तथा वित्तीय संस्थाहरू (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७४ असार मसान्तमा रु. १५२ अर्ब २६ करोड रहेकोमा २०७४ साउन मसान्तमा ५ प्रतिशतले वृद्धि भई रु. १५९ अर्ब ८० करोड पुगेको छ ।

२०७४ साउन मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २३.३ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०७४/७५ को पहिलो महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १४.२ महिनाको वस्तु आयात र १२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४१.५ प्रतिशत, १००.१ प्रतिशत र ४१.३ प्रतिशत रहेका छन् । २०७४ असार मसान्तमा यस्ता अनुपातहरू क्रमशः ४१.५ प्रतिशत, ९५.३ प्रतिशत र ४१.७ प्रतिशत रहेका थिए ।

## कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७३ साउन मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ४८.२७ रहेकोमा २०७४ साउन मसान्तमा ४.४ प्रतिशतले वृद्धि भई प्रति ब्यारल अमेरिकी डलर ५०.३९ कायम भएको छ ।

त्यसैगरी, सुनको मूल्य २०७३ साउन मसान्तमा प्रति आउन्स अमेरिकी डलर १३४४ रहेकोमा २०७४ साउन मसान्तमा ५.३ प्रतिशतले कमी आई प्रति आउन्स अमेरिकी डलर १२७२.७५ पुगेको छ ।

## सरकारी बजेट/खर्च/राजस्व/नगद मौज्दात

आर्थिक वर्ष २०७४/७५ को पहिलो महिनामा नगद प्रवाहमा आधारित नेपाल सरकारको बजेट रु. ७४ अर्ब १ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत रु. ५२ अर्ब ४ करोड रहेको थियो ।

नगद प्रवाहमा आधारित कुल सरकारी खर्च रु. १८ अर्ब ५७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च रु. २ अर्ब ३१ करोड पुगेको थियो ।

चालू खर्च रु. १८ अर्ब ४६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च रु. २ अर्ब ३० करोड मात्र रहेको थियो ।

पूँजीगत खर्च रु. ११ करोड ५३ लाख भएको छ । अघिल्लो वर्ष यस्तो खर्च रु. १० लाख भएको थियो ।

नेपाल सरकारको कुल राजस्व सङ्कलन ११.५ प्रतिशतले वृद्धि भई रु. ४५ अर्ब ७९ करोडमा पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व ३६ प्रतिशतले वृद्धि भई रु. ४१ अर्ब ७ करोड पुगेको थियो ।

स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून भएकोले २०७४ श्रावण मसान्तसम्ममा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. २२८ अर्ब ९४ करोड नगद मौज्दात कायम रहेको छ ।

## मुद्राप्रदाय

आर्थिक वर्ष २०७४/७५ को पहिलो महिनामा विस्तृत मुद्राप्रदाय ०.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ०.२ प्रतिशतले बढेको थियो ।

वार्षिक बिन्दुगत आधारमा २०७४ साउन मसान्तमा विस्तृत मुद्राप्रदाय १६.३ प्रतिशतले बढेको छ ।

खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ३ अर्ब २९ करोड (०.३ प्रतिशत) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. २ अर्ब ११ करोड (०.२ प्रतिशत) ले घटेको थियो ।

सञ्चित मुद्रा १०.७ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ४.८ प्रतिशतले घटेको थियो ।

वार्षिक बिन्दुगत आधारमा २०७४ साउन मसान्तमा उक्त मुद्रा १२.६ प्रतिशतले बढेको छ ।

## कुल आन्तरिक कर्जा

कुल आन्तरिक कर्जा २.६ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा २.१ प्रतिशतले घटेको थियो ।

वार्षिक बिन्दुगत आधारमा २०७४ साउन मसान्तमा यस्तो कर्जा १८.८ प्रतिशतले बढेको छ ।

मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी १.१ प्रतिशतले बढेको थियो ।

क्रमशः ११ पेजमा

१० पेजको बाँकी

वार्षिक बिन्दुगत आधारमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी २०७४ साउन मसान्तमा १७.९ प्रतिशतले बढेको छ।

## निक्षेप संकलन र कर्जा प्रवाह

बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ०.१ प्रतिशतले बढेको थियो।

वार्षिक बिन्दुगत आधारमा २०७४ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १५.३ प्रतिशतले बढेको छ।

२०७४ साउनमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ति, बचत र मुद्दतीको अंश क्रमशः ७.८ प्रतिशत, ३५.३ प्रतिशत र ४३.२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो अंश क्रमशः ८.५ प्रतिशत, ४३.८ प्रतिशत र ३०.५ प्रतिशत रहेको थियो।

बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ०.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ०.७ प्रतिशतले बढेको थियो।

निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह ०.१ प्रतिशत, विकास बैंकहरुको २.९ प्रतिशत र वित्त कम्पनीहरुको ०.३ प्रतिशतले बढेको छ।

वार्षिक बिन्दुगत आधारमा २०७४ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १७.९ प्रतिशतले बढेको छ।

कृषि क्षेत्रतर्फको कर्जा ०.२ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ०.७ प्रतिशत, निर्माण क्षेत्रतर्फको कर्जा १.६ प्रतिशत, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा ०.३ प्रतिशत, सेवा क्षेत्रका उद्योगतर्फको कर्जा ०.९ प्रतिशत र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १.७ प्रतिशतले बढेको छ।

बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६०.९ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १४.१ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६०.७ प्रतिशत र १५ प्रतिशत रहेको थियो।

२०७४ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट साना तथा मझौला व्यवसायमा प्रवाहित कर्जा (SMEs Loan) कुल लगानीमा रहेको कर्जाको २.४ प्रतिशत (रु. ४८ अर्ब ३ करोड) छ।

वाणिज्य बैंकहरूबाट प्रवाहित ट्रष्ट रिसिट (आयात) कर्जा ६.६ प्रतिशत (४ अर्ब २८ करोड) ले बढी रु. ६८ अर्ब ८१ करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ५.७ प्रतिशतले बढेको थियो।

हायर पर्चेज कर्जा १.१ प्रतिशतले बढेको छ भने ओभरड्राफ्ट कर्जा १.६ प्रतिशतले घटेको छ।

रु. १ करोडसम्मको व्यक्तिगत आवासीय कर्जा १.९ प्रतिशत र रियल स्टेट कर्जा ०.९ प्रतिशतले बढेको छ।

## तरलता व्यवस्थापन

आर्थिक वर्ष २०७४/७५ को पहिलो महिनामा नेपाल राष्ट्र बैंकले रु. ७३ अर्ब ५० करोड तरलता प्रशोचन गरेको छ।

यसमध्ये, पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् रु. २७ अर्ब ७५ करोड, रिभर्स रिपोमार्फत् (टर्नओभरको आधारमा) रु. ४५ अर्ब ७५ करोड तरलता प्रशोचन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा निक्षेप बोल-कबोलमार्फत् रु. ५ अर्ब र रिभर्स रिपोमार्फत् रु. २७ अर्ब ४५ करोड गरी कुल रु. ३२ अर्ब ४५ करोड तरलता प्रशोचन भएको थियो।

आर्थिक वर्ष २०७४/७५ को पहिलो महिनामा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर १८ करोड ६८ लाख खुद खरिद गरी रु. १९ अर्ब १४ करोड खुद तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २२ करोड ८ लाख खुद खरिद भई रु. २३ अर्ब ६३ करोड खुद तरलता प्रवाह भएको थियो।

समीक्षा अवधिमा अमेरिकी डलर ३० करोड बिक्री गरी रु. ३० अर्ब ७७ करोड बराबरको भा.रु. खरिद भएको छ। अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २६ करोड र यूरो ७ करोड ५० लाख बिक्री गरी रु. ३६ अर्ब ८३ करोड बराबरको भा.रु. खरिद भएको थियो।

## पुनरकर्जा

२०७४ साउन मसान्तमा साधारण पुनरकर्जा रु. ७ अर्ब ३९ करोड र निर्यात पुनरकर्जा रु. १४ करोड गरी कुल रु. ७ अर्ब ५३ करोड पुनरकर्जा लगानीमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा साधारण पुनरकर्जा रु. २४ करोड उपयोग भएको थियो।

भूकम्प पीडितहरूलाई बढीमा २ प्रतिशतसम्मको ब्याजमा आवासीय घर निर्माण कर्जा प्रदान गर्न नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था अन्तर्गत रु. ७५ करोड ९३ लाखको कर्जा

बाँकी अन्तिम पेजमा

११ पेजको बाँकी

स्वीकृत भएको छ ।

## अन्तर-बैंक कारोबार/ब्याजदर

आर्थिक वर्ष २०७४/७५ को पहिलो महिनामा वाणिज्य बैंकहरूले रु. ३५ अर्ब ७५ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) ले रु. ७ अर्बको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरू र अन्य वित्तीय संस्थाहरूले क्रमश: रु. ७४ अर्ब ५३ करोड र रु. २६ अर्ब ३५ करोडको यस्तो कारोबार गरेका थिए ।

२०७३ साउनमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ०.४४ प्रतिशत रहेकोमा २०७४ साउनमा ०.५५ प्रतिशत कायम भएको छ ।

वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर भने २०७३ साउनको ०.८२ प्रतिशतको तुलनामा २०७४ साउनमा ०.२९ प्रतिशत रहेको छ ।

अन्य वित्तीय संस्थाहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर वृद्धि भई २०७३ साउनको ३.१६ प्रतिशतको तुलनामा २०७४ साउनमा ३.५६ प्रतिशत पुगेको छ ।

त्यसैगरी, वाणिज्य बैंकहरूको औसत आधार ब्याजदर २०७३ साउनको ६.१ प्रतिशतको तुलनामा २०७४ साउनमा ९.७ प्रतिशत कायम हुन आएको छ ।

## मर्जर/प्राप्ति

यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गराएपश्चात् २०७४ साउन मसान्तसम्म कुल १५१ वटा बैंक तथा वित्तीय संस्थाहरू मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये ११२ वटा संस्थाहरुको इजाजत खारेज हुन गई कुल ३९ संस्था कायम भएका छन् ।

## पुँजी बजार

नेप्से सूचकाङ्कमा वार्षिक बिन्दुगत आधारमा ४.९ प्रतिशतले ह्रास आई २०७४ साउन मसान्तमा १६३२.७ विन्दुमा झरेको छ । २०७३ साउन मसान्तमा उक्त सूचकाङ्क ४८.४ प्रतिशतले वृद्धि भएको थियो । २०७४ असार मसान्तमा भने नेप्से सूचकाङ्क १५८२.७ विन्दु कायम भएको थियो ।

धितोपत्र बजार पुँजीकरण वार्षिक विन्दुगत आधारमा १.२ प्रतिशतले वृद्धि भई २०७४ साउन मसान्तमा रु. १,९१५ अर्ब १९ करोड पुगेको छ । बजार पुँजीकरण अनुपात २०७३ साउन मसान्तमा ५८.७ प्रतिशतले वृद्धि भएको थियो ।

आर्थिक वर्ष २०७३/७४ को कुल गार्हस्थ्य उत्पादनसँग समीक्षा अवधिको बजार पुँजीकरणको अनुपात ७३.७ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ८४.२ प्रतिशत रहेको थियो ।

बजार पुँजीकरणमा बैंक, वित्तीय संस्था र बीमा कम्पनीहरुको अंश ८५.२ प्रतिशत रहेको छ भने जलविद्युत् क्षेत्रको ४.० प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २.५ प्रतिशत, होटलहरूको १.७ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.१ प्रतिशत र अन्यको ६.५ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०७४/७५ को पहिलो महिनामा कुल शेयर कारोबार रकममा ३९.५ प्रतिशतले ह्रास आई रु. २१ अर्ब ६४ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोहि अवधिमा कारोबार रकम २१३.१ प्रतिशतको उल्लेख्य वृद्धि भई रु. ३५ अर्ब ७८ करोड पुगेको थियो ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०७४ साउन मसान्तसम्ममा १९९ रहेको छ । २०७३ साउन मसान्तमा यस्तो संख्या २२६ रहेको थियो ।

सूचीकृत कम्पनीहरूमध्ये १५४ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, १६ वटा जलविद्युत् कम्पनी, ४/४ वटा होटल तथा व्यापारिक संस्था र ३ वटा अन्य समूहका रहेका छन् ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत शेयरहरूको चुक्ता मूल्य वार्षिक विन्दुगत आधारमा २०७४ साउन मसान्तमा ४०.६ प्रतिशतले वृद्धि भई रु. २९१ अर्ब ७१ करोड पुगेको छ ।

समीक्षा अवधिमा रु. १ अर्ब १० करोड बराबरको साधारण शेयर, रु. ८ अर्ब १७ करोड बराबरको हकप्रद शेयर, रु. ३९ करोड बराबरको बोनस शेयर र रु. ७ अर्ब बराबरको सरकारी ऋणपत्र गरी कुल रु. १६ अर्ब ६६ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

*प्रकाशक*
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

*सम्पादक*
शम्भुनाथ दुङ्गाना

*सम्पादन सहयोगी*
सुरेश पन्त
समिता श्रेष्ठ
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-४२६७५१८, ४२६८११६